# माडी गाउँपालिकाको आर्थिक विधेयक २०८२,

गाउँ सभाबाट पेश मितिः २०८२/०३/१०

# माडी गाउँपालिका

घर्तिगाउँ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

# माडी गाउँपालिकाको आर्थिक विधेयक, २०८२

**प्रस्तावनाः**
माडी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम माडी गाउँसभाले यो विधेयक बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम "आर्थिक विधेयक, २०८२" रहेको छ।

(२) यो विधेयक २०८२/०४/०१ गते देखि माडी गाउँपालिका क्षेत्रमा लागु हुने छ।

**२.सम्पती करः** (१) गाउँपालिका क्षेत्रभित्र अनुसूची -१ बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम घर र घरले चर्चेको जग्गामा अनुसूची - १ बमोजिम सम्पत्ती कर लगाइने र असुल उपर गरिनेछ।

**स्पष्टीकरणः** "घरले चर्चेको जग्गा" भन्नाले घरको जमिन तलाले ओगटेको जग्गाको बढीमा दोब्बर क्षेत्रफल बराबरको जग्गा भन्ने बुझ्नु पर्दछ। यस विधेयकको तर दफा(२) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको घर र घर जग्गामा सम्पत्ति कर लाग्ने छैनः

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर जग्गा सरकारी अस्पतालको घर

(ख) गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

(ग) मुनाफाको उद्देश्य नरानी सञ्चालन गरिएको,

(घ) सरकारी शिक्षण संस्था,कर्वला,मजार,विमानस्थल, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ,

(ङ) संस्थाको घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घर जग्गा,

(छ) खानेपानी सङ्कलन पोखरी, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

**३. मालपोतः** (१) गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम मालपोत लगाइने र असूल उपर गरिनेछ।

(२) वक्यौता करका हकमा जुन जुन आर्थिक वर्षको बक्यौता बाँकी हो सो वर्षमा मालपोत लागु भएको भए सोही वर्षको दरमा मालपोत र एकीकृत सम्पत्ति कर लागु भएको भए सोही वर्षको विधेयकमा उल्लेख भए बमोजिम एकीकृत सम्पत्ति कर असुल उपर गरिने छ।

(३) यस दफा बमोजिम लगाइने मालपोत कर कुनै व्याक्तिको स्वामित्वमा रहेको जग्गाको सबै कित्ताको एकै पटक एकमुष्ठ वा फरक फरक कित्ताको अलग अलग रुपमा बुझाउन सक्नेछ।

**४. घर जग्गा बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, ग्यारेज, गोदान, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**५. व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची -४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

**६. जडीबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी, माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत अनुसूचि -५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११.**पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२.**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र रयाफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र रयाफ्टीङ्गेवा वा व्यवसाय सञ्चालन गरे बापत अनुसूची (११) बमोजिमको शुल्क लगाईने र असूल उपर गरिने छ।

१३.**सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिने छ।

१४.**पर्यटन प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यकटहरुबाट अनुसूची (१३) उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुटः** यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६.**स्लेट, ढुंगा, गिट्ट, बालुवा एवम् माटोजन्य बस्तु विक्रि शुल्कः** (१) गाउँपालिकाले पालिका क्षेत्रभित्रको नदी, खोला वा कुनै सार्वजनिक जग्गाबाट कानून बमोजिमको कार्यविधि अपनाई स्लेट, ढुंङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तुको विक्री बापत प्रदेश सरकारले तोके बमोजिमको शुल्क लगाइनेछ ।

(२) कुनै व्यक्तिले पालिकाभित्रको निजी जग्गाबाट कानून बमोजिम वातावरणीय अध्ययन गराई अनुमति लिनुपर्नेमा सो अनुमति समेत लिइ स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तु विक्री गर्न चाहेमा उपदफा (१) बमोजिमको शुल्क लाग्नेछ ।

१७. **जरीवानाः** (१) गाउँपालिका भित्र कुनै पनि व्यक्तिले गाउँपालिकाको कानून उल्लंघन गरेको पाइएमा कानून बमोजिम जरिवाना तोकेमा सोही बमोजिम र कानूनमा जरिवाना नतोकेको हकमा गाउँ कार्यपालिकाले जरिवाना तोकी असूल उपर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँ कार्यापालिकाले जरिवाना तोकिएको कुरा स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ। त्यसरी सङ्कलन भएको करको विवरण कार्यपालिकाले हरेक वर्ष गाउँसभामा पेश गर्नु पर्नेछ।

१८.**अन्य राजश्वः** (१) गाउँपालिका वा मातहतका विभिन्न निकायहरुको कामको प्रकृति अनुसार फरक किसिमको सेवा तथा बस्तुमा शुल्क तथा दस्तुर लगाउँदा गाउँपालिकाको कानून बमोजिम लगाइनेछ।

(२) उपदफा (१) बमोजिमको राजश्वको दर प्रचलित कानूनमा समेत उल्लेख नभएको अवस्थामा गाउँ कार्यापालिकाबाट त्यस्तो शुल्क तथा दस्तुर निर्धारण गरी लागु गरिनेछ। यसरी निर्धारण भएको राजश्वको दर स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

१९.**राजश्वको दर घटाउन,बढाउन वा छुट दिन सक्नेः** (१) यस विधेयक वा अन्य गाउँपालिकाको अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए पनि गाउँ कार्यापालिकाले आवश्यकता अनुसार यस विधेयक र अन्य कानून बमोजिम लगाइने कर, महशुल, शुल्क, दस्तुरको दरहरुमा आंशिक वा पूर्ण रुपमा छुट दिन वा बढाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कर छुट वा बढाएको विवरण प्रत्येक वर्ष कार्यपालिकाले गाउँ सभामा पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम कर छुटको सुविधाको दुरुपयोग गरी कुनै हानी नोक्सानी भएमा त्यसरी छुट दिइएको वा हानी नोक्सानी भएको रकम असुल उपर सोही बराबर रकम जरिवाना गरिनेछ।

**२०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधीः** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी गाउँपालिकाले तोके अनुसार हुनेछ।

**अनुसूची - १**

**आर्थिक विधेयक २०८२ दफा (२) सँग सम्बन्धित्**

## घर जग्गा कर

यस गाउँपालिका भित्र बनेको पक्की, कच्ची र झुपडी घरको देहाय बमोजिम सम्पत्ति कर लगाईने छ।

१. घर जग्गा कर र घरले चर्चेको जमिनको कर लिईने छ।

क) बजार क्षेत्र भित्र बनेका सिमेन्ट जडित पक्की घरको प्रति वर्ग फिट रु. २.५०/-

ख) बजार क्षेत्र बाहिर बनेका सिमेन्ट जडित पक्की घरको प्रति वर्ग फिट रु.१/-

ग) बजार क्षेत्र भित्र ढुंङ्गा वा टिनको छानो भएको कच्ची घरको प्रति वर्ग फिट रु १.२५/-

घ) बजार क्षेत्र बाहिर ढुंगा वा टिनको छानो भएको कच्ची घरको प्रति घर रु.५०/-

**अनुसुची - २**

**आर्थिक विधेयक २०८२ दफा (३) सँग सम्बन्धीत**

## भुमि कर (मालपोत)

**१. जग्गाको तिरो**

क) बजार क्षेत्रमा प्रति वर्ग मिटर क्षेत्रफल रु.१०/-

ख) ग्रामीण क्षेत्रमा प्रति रोपनी रु.१०/-

**२. मालपोत**

**३. पाखो**

| जग्गाको किसिम | जग्गाको प्रतिरोपनी |
|---|---|
| अव्वल | रु.५०/- |
| दोयम | रु.४५/- |
| सिम | रु.२५/- |
| चाहार | रु.२०/- |

**४. खेत**

| जग्गाको किसिम | जग्गाको प्रतिरोपनी |
|---|---|
| अव्वल | रु.५०/- |
| दोयम | रु.५५/- |
| ध. सि. | रु.३०/- |
| ध.चा. | रु.२५/- |

क) पक्की सडकले छोएको जग्गामा ७ प्रतिशत थप

ख) कच्ची सडकले छोएको जग्गामा ५ प्रतिशत थप

ग)

**अनुसुची - ३**

**आर्थिक विधेयक २०८२ दफा (४)सँग सम्बन्धीत**

**बहाल कर**

१. गाउँपालिका क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा सम्बन्धित् धनीबाट वहालको सम्झौता रकमको १० प्रतिशत लिईने छ।

२. आफ्नो क्षेत्रभित्र आफुले निर्माण गरेको वा सञ्चालन गरेको हाटबजार वा ऐलानी जग्गा वा बाटो छेउछाउमा अस्थायी पसल थाप्न दिएमा न्युनतम शुल्क रु.५०० र रु.१०० वर्ग फिट भन्दा क्षेत्रफल ओगटेमा थप प्रति वर्ग फिट रु.५/

## अनुसुची - ४
## आर्थिक विधेयक २०८२ दफा (५) सँग सम्बन्धित्

**१.व्यवसाय कर :**

| क.सं. | व्यवसायको नाम | व्यवसायको किसिम | कर शुल्क प्रति वर्ष रु. | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा | वितरक | रु.३०००/- | |
| | | थोक | रु.२०००/- | |
| | | खुद्रा | रु.१०००/- | |
| २ | चुरोट, सुर्ति, बिडी र खैनी | वितरक | रु.३०००/- | |
| | | थोक | रु.२०००/- | |
| | | खुद्रा | रु.१०००/- | |
| ३ | पेय पदार्थ | वितरक | रु.१५००/- | |
| | | थोक | रु.१००० /- | |
| | | खुद्रा | रु.५००/- | |
| ४ | सुन चाँदी | निर्माण र मर्मत | रु.३०००/- | |
| ५ | औषधि पसल | फार्मेसी | रु.२०००/- | |
| | | क्लिनिक | रु.२०००/- | |
| ६ | आयुर्वेदिक औषधि पसल | × | रु.५००/- | |
| ७ | फ्रेश हाउस | खुद्रा | रु.१०००/- | |
| ८ | एग्रोभेट पसल | खुद्रा | रु.२००/- | |
| ९ | स्टेसनरी तथा पुस्तक पसल | थोक | रु.१०००/- | |
| | | खुद्रा | रु.५००/- | |
| १० | छपाई तथा प्रकाशन | अप्सेट प्रेस | रु.२०००/- | |
| | | डिजाईन | रु.२०००/- | |
| ११ | कस्मेटीक पसल | थोक | रु.१०००/- | |
| | | खुद्रा | रु.५५०/- | |
| १२ | मोटर पार्टस तथा वर्क शप | थोक | रु.२०००/- | |
| | | खुद्रा | रु.१०००/- | |
| १३ | ग्यास सप्लायर्स | थोक | रु.१०००/- | |
| | | खुद्रा | रु.५००/- | |
| १४ | कपडा फेन्सी पसल ब्याग | थोक | रु.२०००/- | |
| | | खुद्रा | रु.१५००/- | |
| १५ | धागो तथा टाँक सिलाई मेसिन पसल | थोक | रु.२०००/- | |
| | | खुद्रा | रु.१०००/- | |
| १६ | इलेक्टोनिक तथा मोबाइल पसल | वितरक | रु.३०००/- | |
| | | थोक | रु.२००० /- | |

| | | | | |
|---|---|---|---|---|
| | | खुद्रा | रु.१००० /- | |
| १७ | इलेक्टिकल पसल | खुद्रा | रु.१००० /- | |
| १८ | हार्डवेयर पसल | थोक | रु.२००० /- | |
| | | खुद्रा | रु.१००० /- | |
| १९ | पेर्टोलियम पदार्थ | पम्प | रु.५००० /- | |
| | | विक्री केन्द्र | रु.३००० /- | |
| | | ग्यास सिलिन्डर | रु.३००० /- | |
| | | सब डिलर | रु.३००० /- | |
| | | मट्टीतेल | रु.२०० /- | |
| २० | स्टिल आल्मुनियम पसल | थोक | रु.१०००/- | |
| | | खुद्रा | रु.५००/- | |
| २१ | फर्निचर उद्योग | सहकारी | रु.२०००/- | |
| | | व्याक्तिगत | रु.१०००/- | |
| २२ | ढुंङ्गा,गिट्टी,वालुवा | व्याक्तिगत | रु.१०००/- | |
| | | सामुहिक | रु.५०० /- | |
| २३ | कपडा सिलाई | टेलरिङ,आधुनिक | रु.५००/- | |
| २४ | **स्नुकर पुल हाउस** | | रु.५००/- | |
| २५ | पशु आहार विक्री केन्द्र | | रु.५००/- | |
| २६ | किराना पसल | थोक | रु.२०००/- | |
| | | खुद्रा | रु.१०००/- | |
| २७ | फलफूल तथा तरकारी पसल | थोक | रु.१०००/- | |
| | | खुद्रा | रु.२००/- | |
| २८ | उपहार खेलौना पसल | थोक | रु.५००/- | |
| | | खुद्रा | रु.२००/- | |
| २९ | भाडा पसल | थोक | रु.१०००/- | |
| | | खुद्रा | रु.५००/- | |
| ३० | माटोको भाडा पसल | थोक | रु.२००/- | |
| | | खुद्रा | रु.१००/- | |
| ३१ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसाय | कन्सल्टेन्सी | रु.२५००/- | |
| | | कानुन व्यवसाय | रु.१०००/- | |
| | | लेखा परिक्षण व्यवसाय | रु.१०००/- | |
| | | दन्त चिकित्सक | रु.१०००/- | |
| | | अनुसन्धानकर्ता परामर्शदाता | रु.१०००/- | |
| | | पशु चिकित्सक | रु.१०००/- | |
| ३२ | **पेन्टर तथा साइन बोर्ड लेखन** | | रु.१५००/- | |
| ३३ | जग्गा व्यवसाय | | रु.२०००/- | |
| ३४ | चेन स मेसिन | | रु.५००/- | |
| ३५ | माथिका वर्गीकरणमा नपरेको हकमा | | रु.५००/- | |
| ३६ | काठ निकासी | प्रति क्यु फिट | रु.१०/- | |
| **उत्पादन मुलक उद्योग** | | | | |
| ३७ | ग्रिल उद्योग | | रु.२०००/- | |
| ३८ | जुत्ताउद्योग | | रु.५००/- | |
| ३९ | कपडा तथा गार्मेन्ट उद्योग | | रु.५००/- | |

| | | | | |
|---|---|---|---|---|
| ४० | सिरक डसना उद्योग पसल | | रु.५००/- | |
| ४१ | कुटानी पिसानी र पेलानी मिल | | रु.५००/- | |
| ४२ | मसला उद्योग | | रु.५५०/- | |
| ४३ | डेरी उद्योग | | रु.५००/- | |
| ४४ | उपभोग्य बस्तु उत्पादन उद्योग | पाउरोटी | रु.२००/- | |
| | | चाउमिन | रु.१५००/- | |
| ४५ | क्रसर कंक्रिट उद्योग | | रु.५०००/- | |
| ४६ | मार्बल | | रु.१००००/- | |
| ४७ | ढाँकाटोपी साडी झोला उद्योग सल | | रु.५००/- | |
| ४८ | अल्लो उद्योग | | रु.५००/- | |
| ४९ | टिन दराज तथा बाकस उद्योग | | रु.२०००/- | |
| ५० | होटेल तथा लज | होटेल तथा लज | रु.१०००/- | |
| | | भोजनालय | रु.५००/- | |
| | | मिठाई पसल | रु.५००/- | |
| | | पार्टी प्यालेस | रु.२०००/- | |
| | | रेस्टुरेन्ट | रु.२०००/- | |
| | | चिया खाजा पसल | रु.२००/- | |
| | | खाना खाजानास्ता | रु.१०००/- | |
| ५१ | सचार | रेडियोFM | रु.२०००/- | |
| | | Dish Home जडान तथा विक्री | रु.५००/- | |
| | | फ्लेक्स प्रिन्टर फोटो स्टुडियो | रु.५००/- | |
| ५२ | स्वास्थ्य | निजी अस्पताल | रु.२०००/- | |
| | | ल्याव सहित क्लिनिक | रु.१०००/- | |
| | | चस्मा पसल | रु.१००/- | |
| ५३ | मर्मत संभार | बस, ट्रक, जिप, मोटरसाईकल लगाएतका सवारी साधन मर्मत | रु.१०००/- | |
| | | टिभि, फ्यान, मोटर फ्रीज, जेनेटर, घडी, रेडियो, मोबाइल, कम्प्युटर | रु.५००/- | |
| ५४ | फलफूल विरुवा फर्म | कागती, किबी, सुन्तला, अलैची, लगायत हलुवावेद अन्य | रु.५००/- | |
| ५५ | कम्प्युटर इन्सीटयुट | | रु.५००/- | |
| ५६ | बहु उद्देश्य हल भाडा | प्रति कार्यक्रम प्रतिदिन | रु.१५००/- | |

२. घर जग्गा व्यवसायीले रु पचास लाख सम्म वार्षिक रु. ५,०००/-, देखि रु एक करोड सम्म रु. १०,०००/-, तथा सो भन्दा माथिको कारोवारमा रु १५,०००/- ,कर तिर्नु पर्ने छ तर कृषियोग्य भुमि नियमानुसार वाहेक पलटिन कित्ताकाट गर्न पाईने छैन।

**निर्माण व्यवसाय**

| शिर्षक विवरण | पारित रकम | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| क वर्गको | रु १०,०००/- | |
| ख वर्गको | रु ७,०००/- | |
| ग वर्गको | रु ६,०००/- | |
| घ वर्गको | रु ५,०००/- | |

१. श्रावण देखि कार्तिक मसान्त सम्म विना जरिवाना नविकरण गरिने छ।

२. कार्तिक देखि चैत्र मसान्त सम्म डबल जरिवाना सहित नविकरण गरिने छ।

## खनिज उद्योग व्यवसाय

| शिर्षक विवरण | रकम | कैफियत |
|---|---|---|
| टायल उद्योग | वार्षिक रु १५,०००/- | |
| खोला बाहिरको गिट्टी बालुवा | वार्षिक रु १५,०००/- | |
| स्टेल ढुंगा खानी | वार्षिक रु ५,०००/- | |

३. गाउँपालिका भन्दा बाहिरबाट व्यवसायका लागि आउने घुम्ती व्यापारीहरुलाई अनुमति शुल्क वापत निम्न बमोजिमको कर लिईने छ ।

| क सं | शिर्षक विवरण | मासिक रकम | कैफियत |
|---|---|---|---|
| १ | सिरक डसना फिटाइ | रु.५,०००/- | एक महिना भन्दा बढी बसेमा प्रति महिना थप रु. ५००/- |
| २ | प्रेसर कुकुर ग्यास मर्मत | रु.२,००/- | एक महिना भन्दा बढी बसेमा प्रति महिना थप रु. ५०/- |

४. **खोटो संकलनः** खोटा संकलनमा प्रति केजी रु.४/- का दरले लिईने छ।

**५. दर्ता हुनु पर्ने**

क) गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका सबै प्रकारका व्यवसाय गाउँ कार्यपालिकाको कार्यालयमा तोकिएको अवधि भित्र सूचिकृत हुनु पर्ने छ।

ख) माथि उल्लेखित उपरोक्त शिर्षकमा नपरेका तथा दर्ता हुनु पर्ने व्यवसाय उद्योग प्रचलित कानुन बमोजिम दर्ता भएको हुनु पर्नेछ।

ग) २०८२ साल भाद्र महिना भित्र आफ्नो व्यापार व्यवसाय अनिवार्य रुपमा दर्ता गरिसक्नु पर्ने छ।

घ) कार्यालयबाट निरीक्षणमा जाँदा पसल व्यवसाय र उद्योग दर्ता नगरी चलाएको पाईएमा आवश्यक कारबाही र बन्द समेत गर्न सकिनेछ।

## अनुसुची - ५

**आर्थिक विधेयक २०८२ दफा (६) सँग सम्बन्धित्**

## जडिबुटी कवाडी र जीवजन्तु कर,

१. (क) निम्न उल्लेख भएका जडिबुटीहरुको मुल्य निर्धारण गरिएको छ ।

| क सं | शिर्षक विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | अल्लो प्रति केजी | रु.१.५०/- | |
| २ | हेम्प धागो प्रति केजी | रु.१.००/- | |
| ३ | सोमै प्रति केजी | रु.२/- | |
| ४ | तिते प्रति केजी | रु.१.५०/- | |
| ५ | काफल पाते प्रति केजी | रु.४/- | |

| | | | |
|---|---|---|---|
| ६ | काकरसिङ्गे प्रति केजी(गुडूची) | रु.२.५०/- | |
| ७ | चुल्ठे प्रति केजी | रु१.५०/- | |
| | टिम्मुर प्रति केजी | रु.६/- | |
| ९ | सिल्पु प्रति केजी | रु.०.५०/- | |
| १० | दालचिनी पात | रु १/- | |
| ११ | तारे प्रति केजी | रु.०.५०/- | |
| १२ | घुच्ची च्याउ प्रति केजी | रु.६००। | |
| १३ | तिगेडी प्रति केजी | रु.०.५०/- | |
| १४ | कालि काठको दाना प्रति केजी | रु.२/- | |
| १५ | सेतक प्रति केजी | रु.५/- | |
| १६ | काला दाना प्रति केजी | रु.२/- | |
| १७ | सिस्नको जरा प्रति केजी | रु.२/- | |
| १८ | रातो च्याउ प्रति केजी | रु.२००/- | |
| १९ | बोझो प्रति केजी | रु.२/- | |
| २० | काउलाको बोक्रा प्रति केजी | रु.०.५०/- | |
| २१ | चुत्राको बोक्रा प्रति केजी | रु.५०/- | |
| २२ | घोडाटाप्रे प्रति केजी | रु.२/- | |
| २३ | मजीथो प्रति केजी | रु.१/- | |
| २४ | बिषफेज प्रति केजी | रु.०.५०/- | |
| २५ | दालचीनिको बोक्रा प्रति केजी | रु.१/- | |
| २६ | कृषि उपज (लसुन, प्याज, आलु) निर्यात प्रति केजी | रु.०.५०/- | |

(ख) माथि उल्लेख नभएका अन्य जडिबुटीहरुको विक्री मुल्य अनुसारको कर लगाईने छ।

२. प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाख, उन, छाला प्रति केजी रु.५/-

३. कवाडीमा न्युनतम प्रति केजी (बोतल बाहेक) २५ पैसा र १०० केजी भए प्रति केजी रु.५० पैसा लाग्ने छ ।

**अनुसूची - ६**
**आर्थिक विधेयक २०८२ दफा ६ सँग सम्बन्धित्**

## सवारी साधन कर

**१. वार्षिक सवारी कर**

गाउँपालिका क्षेत्र भित्र ठेगाना रहेका सम्पूर्ण सवारी साधनहरुको देहाय बमोजिमको वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

| क्र.स. | शिर्षिक विवरण | पारित वार्षिक रकम | कैफियत |
|---|---|---|---|
| १ | तिन पांग्रे (टेम्पो ) | रु.५००।- | |
| २ | ठेला गाडा | रु.५०० ।- | |

## अनुसूची - ७
## आर्थिक विधेयक २०८२ दफा सँग सम्बन्धित (११)
## पार्किङ शुल्क

१. गाउँपालिका क्षेत्र भित्र गाउँपालिकाले तोकेको पार्किङ गर्दा प्रति सवारी साधन देहायको दरले पार्किङ शुल्क लाग्नेछ ।

| क.स | सवारी साधनको किसिम | प्रतिदिन दर | कैफियत |
|---|---|---|---|
| १. | बस हेभी गाडी.लरी,ट्रक | रु. ५०/- | |
| २ | मिनी बस, ट्र्याक्टर, मिनी ट्रक | रु. ४०/- | |
| ३ | कार भ्यान, जिप | रु.३०/- | |
| ४ | मोटर साईकल रिक्सा, स्कुटर | रु. १०/- | |

## अनुसूची - ८
## आर्थिक विधेयक २०८२ दफा १२सँग सम्बन्धित

**१. ट्रेकिङ कोयोनीङ, बन्जी जम्पिङ, जिप फ्लायर र र्याफ्टिङः**

| क.स | विवरण | दर रेट रु. मा | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ माडी क्षेत्र भित्रकालाई | रु.२०/- | |
| २ | ट्रेकिङ माडी क्षेत्र बाहिरकालाई | रु.५०/- | |
| ३ | ट्रेकिङ सार्क राष्ट्रकालाई | रु.१००/- | |
| ४ | ट्रेकिङ अन्य राष्ट्रकालाई | रु.१५०/- | |

## अनुसूची -९
## आर्थिक विधेयक २०८२ दफा(१३)सँग सम्बन्धित्
## सेवा शुल्क दस्तुर

| क.स. | विवरण शिर्षक | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | वंशजको आधारमा नागरिक सिफारिस | रु.१००।- | |
| २ | वैवाहिक अङ्कृत नागरिकता सिफारिस | रु.५००।- | |
| ३ | नागरिकताको प्रतिलिपि सिफारिस | रु.२५०।- | |
| ४ | नागरिकता संशोधन सिफारिस | रु.२००।- | |
| ५ | नाता प्रमाणित | रु.१००।- | |
| ६ | थाई वा अस्थाई वसोवास सिफारिस | रु.१००।- | |
| ७ | नाम थर जन्म मिति संशोधन सिफारिस | रु.५००।- | |
| ८ | सम्बन्ध विच्छेद र बसाई सराई सिफारिस | रु.१००।- | ३५ दिन भित्र निःशुल्क |
| ९ | नामसारी सिफारिस | रु.५००।- | |
| १० | पेन्सन कार्ड वा सो सम्बन्धि सिफारिस नेपालको हकमा | रु.२००।- | |
| ११ | पेन्सन कार्ड वा सो सम्बन्धि सिफारिस विदेसको हकमा | रु.५००।- | |
| १२ | मोही लगत कट्टा सिफारिस | रु.२००।- | |
| १३ | छात्रवृत्ति सिफारिस | रु.१००।- | |
| १४ | हकवाला संरक्षण सिफारिस | रु.२००।- | |

| | | | |
|---|---|---|---|
| १५ | व्यवसाय दर्ता प्रमाणपत्र दस्तुर | रु.५००।- | |
| १६ | व्यवसाय प्रमाण पत्रको नक्कल दस्तुर | रु.३००।- | |
| १७ | व्यवसाय दर्ताको लगत कट्टा सिफारिस | रु.१००।- | |
| १८ | **व्यवसायिक दर्ता सिफारिस** | | |
| १८.१ | मदिरा तथा सुर्ती जन्य व्यवसायको सिफारिस | रु.१०००।- | |
| १८.२ | होटेल लाज रेस्टुरेन्ट | रु.१५००।- | |
| १८.३ | स-साना चिया खाजा नास्ता | रु.५००।- | |
| १८.४ | **अन्य व्यवसाय दर्ता सिफारिस** | | |
| १८.५ | खुद्रा व्यवसाय | रु.५००।- | |
| १८.६ | थोक व्यवसाय | रु.१५००।- | |
| १८.७ | डिलर व्यवसाय | रु.५०००।- | |
| १८.८ | घर जग्गा व्यवसाय सिफारिस | ५००।- | |
| १९ | घर जग्गा नामसारी सिफारिस | रु.५००।- | |
| २० | घर निर्मण सिफारिस (RCC) | रु.५००।- | |
| २१ | दैविक प्रकोप सम्बन्धि सिफारिस | निःशुल्क | |
| २२ | निजि दर्ताक्षेत्रको रुख कटान सिफारिस प्रति रुख | रु.२५०।- | |
| २३ | मुद्दा दर्ता दस्तुर | रु.१००।- | |
| २४ | मिलापत्र  दस्तुर | रु.१०००।- | |
| २५ | नाबालक सिफारिस | रु.१००।- | |
| २६ | अन्य घट्ना दर्ता सिफारिस | रु.१००।- | |
| २७ | थर प्रमाणित सिफारिस | रु.१००।- | |
| २८ | गाउँपालिका र वडा स्तरीय संघ संस्ठ सिफारिस | रु.५००।- | |
| २९ | जिल्ला स्तरीय संघ संस्था सिफारिस | रु.५००।- | |
| ३० | अन्तराष्ट्रिय गैर सरकारी संस्था दर्ता सिफारिस | रु.१०००।- | |
| ३१ | विधुत लाईन जडान सिफारिस केन्द्रीय प्रशारण लाएन | रु.२००।- | |
| ३२ | खानेपानी तथा टेलीफोन लाई जडान सिफारिस | रु.२००।- | |
| ३३ | ठुलो उद्योग दर्ता सिफारिस | रु.५०००।- | |
| ३४ | मझौला उद्योग दर्ता सिफारिस | रु.१०००।- | |
| ३५ | साना घरेलु उद्योग दर्ता सिफारिस | रु.५००।- | |
| ३६ | कक्षा १ देखि कक्षा ५ सम्मको विद्यालय संचालनको सिफारिस | रु.८००।- | |
| ३७ | कक्षा १ देखि कक्षा ८ सम्मको विद्यालय संचालनको सिफारिस | रु.१०००।- | |
| ३८ | कक्षा १ देखि कक्षा १०  सम्मको विद्यालय संचालनको सिफारिस | रु.१२००।- | |
| ३९ | कक्षा १ देखि कक्षा १२ सम्मको विद्यालय संचालनको सिफारिस | रु.१५००।- | |
| ४० | स्नातक तह सम्मको विद्यालय संचालन सिफारिस | रु.१६००।- | |
| ४१ | निजि विद्यालय स्तरवृद्धि सिफारिस | रु.५००।- | |
| ४२ | वैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सिफारिस | रु.५०००।- | |
| ४३ | बैंक तथा अन्य प्रयोजनका लागि घरबाटो सिफारिस | रु.५००।- | |
| ४४ | जग्गा चार किल्ला प्रमाणित | रु.५००।- | |
| ४५ | छुट  जग्गा दर्ता सिफारिस प्रति रोपनी | रु.१००।- | |
| ४६ | घर नक्सा सम्बन्धि निवेदन फर्म  (कच्ची  ) दस्तुर | निःशुल्क | |
| ४७ | घर नक्सा सम्बन्धि निवेदन फर्म  (पक्कि ) दस्तुर | रु.२००।- | |
| ४८ | घर नक्सा सिमेन्टको पक्कि प्रति वर्ग फिट | रु.२५०।- | |
| ४९ | घर नक्सा कच्ची ढुंगे माटोको टिनको प्रति वर्ग फिट | रु.१२५।- | |

| | | | |
|---|---|---|---|
| ५० | घर निर्माण कार्य सम्पन्न प्रमाणपत्र प्रतिलिपि | रु.२५००।- | |
| ५१ | घर नक्सा संशोधन शुल्क | रु.३०००।- | |
| ५२ | म्याद थप दस्तुर म्याद भित्र | रु.२५०।- | |
| ५३ | म्याद थप दस्तुर म्याद बाहिर | रु.५००।- | |
| ५४ | घरका अवस्था प्रमाणित दस्तुर | रु.३००।- | |
| ५५ | व्यक्तिगत घट्ना दर्ता ३५ दिन भित्र नेपालि अंग्रजी | निशुल्क | |
| ५६ | व्यक्तिगत घट्ना दर्ता ३५ दिन बाहिर नेपालि अंग्रजी | रु.५००।- | |
| ५७ | घट्ना दर्ता प्रतिलिपि | रु.५००।- | |
| ५८ | व्यक्तिगत घट्ना दर्ता सच्याउन | रु.५००।- | |
| ५९ | व्यक्तिगत घट्ना दर्ता विवरण हेरेको | रु.२००।- | |
| ६० | कोर्ट फिमिनाहा दस्तुर | रु.२००।- | |
| ६१ | दश लाख सम्मको सम्पति मुल्यांकन नेपालि भाषामा | रु.१०००।- | |
| ६२ | दश लाख सम्मको सम्पति मुल्यांकन अंग्रेजी भाषामा | रु.२०००।- | |
| ६३ | दश लाख देखि २० लाख सम्मको सम्पति मुल्यांकन नेपालि भाषामा | रु.१५००।- | |
| ६४ | दश लाख देखि २० लाख सम्मको सम्पति मुल्यांकन अंग्रेजी भाषामा | रु.३०००।- | |
| ६५ | बिस लाख देखि माथिको सम्पति मुल्यांकन नेपालि भाषामा | रु.३०००।- | |
| ६६ | बिस लाख देखि माथिको सम्पति मुल्यांकन अंग्रेजी भाषामा | रु.५०००।- | |
| ६७ | आर्थिक अवस्था सम्पन्न भएको सिफारिस | रु.१०००।- | |
| ६८ | जीवित वा मृत भएको व्यहोरा सिफारिस | रु.१००।- | |
| ६९ | व्यवसाय बन्द वा संचालन नभएको सिफारिस | ५००।- | |
| ७० | उद्योग संघ संस्थाको ठाउँ सारी सिफारिस, विद्यालय | रु.५००।- | |
| ७१ | अन्य सिफारिसको प्रकृति हेरी | रु.१००।- देखि रु.५००।- सम्म | |
| ७२ | नक्कल प्रमाणित दस्तुर प्रति पाना | रु.५०।- | |
| ७३ | गा.पा. ले तोकेको निश्चित क्षेत्रमा फोहोरमैला व्यवस्थापन गा.पा. शुल्क मासिक | | |
| ७४ | प्रत्येक सटरको | रु.५०।- | |
| ७५ | आवसीय घर | रु.२५।- | |
| ७६ | निजि विद्यालय | रु.२००।- | |
| ७७ | एक कोठे ढ्याप्री | रु.२०।- | |
| ७८ | होटेल लज रेस्टुरेन्ट | रु.१००।- | |
| ७९ | अस्पताल | रु.३००।- | |
| ८० | खसी निकासी सिफारिस, च्यांग्रा, साँढा, भेडा, बोका, प्रतिवेदन | रु.१००।- | |
| ८१ | राँगा निकासी सिफारिस प्रतिगोटा | रु.२००।- | |
| ८२ | बंगुर निकासी सिफारिस प्रतिगोटा | रु.५०।- | |
| ८३ | कुखुरा निकासी सिफारिस प्रतिगोटा | रु.५।- | |

**नोटः** फरक क्षमता भएकाहरुले परिचय पत्र सम्बन्धि सिफारिस विपन्नता भएको सिफारिस आर्थिक अवस्था कम्जोर भएकाहरुले निशुल्क उपचार सम्बन्धि सिफारिस र प्राकृतिक प्रकोप सिफारिस दस्तुर छुट दिईनेछ। माथि उल्लेखित दस्तुरको समुदायिक संघ संस्थाको हकमा ५० प्रतिशत छुट दिईनेछ। माथि उल्लेखित बाहेक अन्य प्रकारका सिफारिसहरुमा प्रकृति हेरी रु.१००/-देखि रु.५००/-सम्म लिन सकिनेछ।

**अनुसूची - १०**

**आर्थिक विधेयक २०८२  दफा (१३)सँग सम्बन्धित**

## पर्यटन शुल्क

धार्मिक पर्यटकीय क्षेत्रहरुमा संचालित संरक्षण समितिहरुको भेटि रकम उठाए वापत वार्षिक रु.१०००/- का दरले शुल्क बुझाउनु पर्नेछ।